## म्याङलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या :७ मिति :२०८०/०३ /०७

## भाग-२

## म्याङलुङ नगरपालिका,तेह्रथुम

म्याङलुङ नगर कार्यपालिकाबाट मिति २०७९/१२/१२ मा स्वीकृत भएको म्याङलुङ नगरपालिकाको **भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू-२०७९** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बामोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,<br>
पुरुषोत्तम घिमिरे<br>
प्रमुख प्रशासकीय अधिकृत

**“म्याङलुङ नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू-२०७९”**

भू-उपयोगऐन,२०७६तथा भू-उपयोग नियमावली,२०७९को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार म्याङलुङ नगरपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू-उपयोगऐन,२०७६ को दफा (५) को उपदफा (४) वमोजिम भू-उपयोग क्षेत्र नक्सालाई अद्यावधिकगर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

१. हालको उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी विभागवाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र वमोजिम नवर्गीकरण गर्ने।

२. जोखिम लगायत अन्य संवेदनशील क्षेत्रको जग्गालाई नापी विभागवाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र वमोजिम नैवर्गीकरणगर्ने।

३. यस अघि नापी विभागवाट आवासिय, व्यवसायिक र औधोगिक क्षेत्रमा विभाजन भएको जग्गालाई स्थानीय आवश्यकता अनुकुल भए सोही क्षेत्रहरुमा वर्गीकरण गर्ने। तर नगरपालिकाले आवश्यक र उपयुक्त देखेमा परिमार्जन गर्न सक्ने ।

४. सरकारी, सार्वजनिक तथा समुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गने सरकारी कायार्लयहरु समेत) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने।

५. हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (ब्यक्तिको निजी पोखरी बाहेक) लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने।

६. स्थानीयतहबाट स्वीकृती प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तैः ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने।

७. हाल कायम सवै किसिमका बन पैदावर क्षेत्र (निजी जग्गामा भएको बाहेक) लाई वन वर्गीकरण गर्ने।

८. हाल उपयोगमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेका खाली जग्गा, परापुर्वकाल देखिका ऐतिहासिक धरोहर, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

९. अनुसुचि-१ मा उल्लेखित प्रत्येक वडाबाट गरिएका निर्णयहरु बमोजिम सम्बन्धित वडाको सिमाना भित्र रहेको जग्गाहरुलाई उक्त निर्णयहरु बमोजिम भू-उपयोग क्षेत्रहरुमा वर्गीकरण गर्ने ।

१०. सडकको दाँयावायाँ परेका कित्ता जग्गाहरु लगत कट्टा नभएर अथवा सडकको अधिकारक्षेत्र यकिन हुन नसकेर सडकको अधिकारक्षेत्र भित्र परेर सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण भएको देखिएतापनि त्यस्ता कित्ताहरु त्यसको साँध सिमानामा रहेका कित्ताहरु जुन क्षेत्रमा (व्यावसायिक/आवासिय/कृषि आदि) वर्गीकरण गरिएका छन् त्यहि क्षेत्रमा वर्गीकरण गरेको मानिने ।

११. कुनै कित्ता दुई वा दुईभन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकता क्रम बमोजिम कुनै एक क्षेत्रमा वर्गीकरण गर्ने ;

क) व्यवसायिक क्षेत्र

ख) आवासिय क्षेत्र

ग) कृषिक्षेत्र

घ) औधोगिकक्षेत्र

ङ) सार्वजनिकउपयोगकोक्षेत्र।

१२.भू-उपयोग वर्गीकरण सम्बन्धी कार्य कार्यान्वयन गर्दै जाँदा वर्गीकरण सम्बन्धि आधारहरु थप गर्नु आवश्यक परेमा स्थानिय भू-उपयोग परिषदले यस "भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु-२०७९" लाई तुरुन्तै संशोधन गर्न सक्नेछ ।

यो मापदण्ड म्याङलुङ नगरपालिकाको भू-उपयोग परिषदवाट मिति ............मा पारित गरिएको हो भनी प्रमाणित गर्नेः

दस्तखतः .........................

नाम,थरः ..........................

दर्जाः ...............................

मितिः ..............................

## अनुसुचि-१

## भू-उपयोग वर्गिकरण सम्बन्धमा वडाहरुले गरेका निर्णयहरु

### वडा नम्बर १

१. साविक म्याङलुङ गा.वि.स वडा नम्बर १ भित्र व्यक्तिको नाममा रहेका सम्पुर्ण जग्गाहरु व्यवसायिक क्षेत्र ।
२. वडा नम्बर २ को सिमाना दाहाल गाउँदेखि भदौरे हरिलाल भण्डारीको घरसम्म टुडीखेल तमोर सडकले छोएको सडकको दायाँवायाँ २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।
३. साविक वडा नम्बर १ को सिमाना देखि वडा नम्बर १ र वडा नम्बर १० को हालको सिमाना हुँदै उपेन्द्र नेपालको घरसम्म पर्ने सम्पुर्ण कित्ताहरु आवासीय क्षेत्र ।
४. मेहेरमान पौडेलको घरदेखि थलाडाँडा पार्क (भ्यु टावर) सम्म सडकको दायाँवायाँ २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।
५. माथि उल्लेखित बाहेकका व्यक्तिको नाममा रहेका सम्पुर्ण जग्गाहरु कृषि क्षेत्र ।
६. साविक वडा नम्बर ९ डाँडागाउँ तथा ओख्रे टोलवस्तीका सम्पुर्ण जग्गाहरु आवासीय क्षेत्र ।

### वडा नम्बर २

१. मन्दिर टोल देखि खेल मैदान हुँदै सिस्ने खोलासम्म सडकको दायाँवायाँ ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।
२. शम्भुतम्बाहाङ्फेको घरदेखि देखि सिस्ने खोला सम्मको कित्ताहरु आवासीय क्षेत्र ।
३. विजय तम्बाहाङ्फेको घरछेउको खोल्सा देखि रिङरोड सम्म सडकको दायाँवायाँ ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।
४. रिङरोड देखि बचत टोलसम्म सडकको दायाँवायाँ २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।
५. डडुवा टोल बस्ती आवासीय क्षेत्र ।
६. खेल मैदान देखि SNRTP को सडकहुँदै माझखर्क हर्ककार्किको घरसम्म सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।
७. देवि बहादुर तुम्बाहाम्पेको घर हुँदै कृषि गोदाम सम्मका सम्पुर्ण कित्ताहरु आवासीय क्षेत्र ।
८. नेपाल टेलिकम जाने बाटो देखि नेपाल बैंक हुँदै पुरानो जनस्वाथ्य देखि SNRTP (म्याङलुङ ओख्रे सडक)को बाटोको उत्तरपुर्व नापी कार्यालयको भवन तथा टुँडिखेल हुँदै कवर्ड हल देखि नेपाल टेलिकम जाने बाटोभित्रका कित्ताहरु व्यावसायिक क्षेत्र ।
९. बुदाँ नम्बर ८ मा पर्ने कित्ताहरु बाहेक साविक वडा नम्बर २ को सम्पुर्ण कित्ताहरु आवासीय क्षेत्र ।

## वडा नम्बर ३

१. कारागार-अरनिको बोर्डिङ स्कुल- कबर्ड हल- विहिटार जोड्ने सडकको माथिल्लो भागमा रहेका कित्ताहरु र विहिटार क्षेत्रमा रहेका कित्ताहरु आवासीय क्षेत्र ।

२. उराठे क्षेत्रमा सुरविर चोक बाट तिनतर्फ जाने सडकको वरिपरि २०० मिटर छोएका कित्ताहरु, पुर्व तर्फ निर बहादुर श्रेष्ठको वन सङ्ग छोएको जग्गा तथा पश्चिम तर्फ बल बहादुर तुम्बाहाम्फेको घर र उत्तरतर्फ टेकनाथ सिग्देलको घरसम्मको सडकको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

३. साङ्लीडाँडा अग्नि ओझाको घर देखि जगन्नाथ दंगाल (दंगाल चौतारा) सडकको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

४. चौतारा-म्याङलुङ विद्यालय-गैराघर जोड्ने सडकको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

## वडा नम्बर ४

१. जुम्लाहा चौतारा देखि वडा कार्यालय बाट त्रिचोक सम्मको सडकको पुर्व र पश्चिम पट्टि ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

२. मणि कुमार सुनारको घर छेउको रिङरोड बाट दाहाल चोक हुँदै ५ नम्बर वडा जाने रिङरोड निगुरे खोलासम्मको क्षेत्र आवासीय क्षेत्र ।

३. किरातेश्वर मन्दिरको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

४. म्याङलुङ बसपार्कबाट जाने सडक खण्डको वडा नम्बर ३ को सिमाना देखि वडा कार्यालय हुँदै जाने त्रिचोकसम्मको बाटोको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

## वडा नम्बर ५

१. म्याङलुङ नगरपालिका वडा नम्बर ५ साविक वडा नम्बर १ (पिलिङडाँडा) सहकारी कार्यालय देखि मुनारत्न आधारभुत विद्यालय हुँदै हर्रा बोटे सम्मको सडकको सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

२. म्याङलुङ नगरपालिका वडा नम्बर ५ साविक वडा नम्बर २ को वडा कार्यालय देखिहनविर खड्काको घरसम्मको कृषि सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

३. म्याङलुङ नगरपालिका वडा नम्बर ५ साविक वडा नम्बर ३ को वडा कार्यालय देखि वडा नम्बर ६ को सिमानासम्म रिङरोडको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

४. म्याङलुङ नगरपालिका वडा नम्बर ५ साविक वडा नम्बर ४ आम्दीम सिंह बहादुर थेगुवाको घरदेखि हरिहर आधारभुत विद्यालय आसपास तेर्सो टोल ललित बहादुर सोदेम्वाको घरदेखि मन कुमार सोदेम्वा तिनधुरेको घरसम्मको सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु तथा उदय बहादुर

बुढाथोकीको घरदेखि छत्र बहादुर सोदेम्वाको घरसम्मको सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

५. म्याङलुङ नगरपालिका वडा नम्बर ५ का साविक वडा नम्बर १,२,३,४,६ का बाँकी सबै व्यक्तिको नाममा रहेका जग्गाहरु कृषि क्षेत्र ।

## वडा नम्बर ६

१. मध्यपहाडी लोकमार्ग जिरिखिम्ति बजार बाहेक पिङ्वा खोलासम्म सडकको दाँयाबाँया ५० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

२. म्याङलुङ नगरपालिकाको रिङ्गरोडको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

३. चेकपोष्टबाट गौतमटोल हुँदै शिवधान मन्दिर जाने सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

४. जिरिखिम्ति वडा कार्यालय बाट हेल्थपोष्ट जाने सडकको तिमेनि समाधी स्थल भन्दा पुर्व २५ मिटरले छोएका कित्ताहरु तथा मौलाडाँडा विद्यालय हुँदै जाने वाटो वडा सिमाना खाँडो खोल्सी सम्म दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

५. सिमिनोक्सी मन्दिर बाट हाटिसे हुँदै भुसुने जोड्ने सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

६. नन्देधारा बाट मेक्चना कृषि भवन जोड्ने सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

७. अधेरी कुवाबाट मेक्चना कृषि भवन हुँदै देवेन्द्र श्रेष्ठको घरसम्म दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

८. अम्फुवा चोक क्षेत्र चौधे कान्छीको घर देखि पोखरे खोल्सी सम्म दक्षिणमा पुच्छारे उत्तरमा एम.पी लिम्बुको घरसम्म दाँयाबाँया १०० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

९. निरौला टोलबाट पश्चिम रिङ्गरोड जोड्ने सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

१०. तितेकि समाधीस्थल क्षेत्र समाधिस्थल क्षेत्र ।

११. जिरिखिम्ती बजार भनेर घोषणा भएको सम्पुर्ण क्षेत्रको दाँयाबाँया १५० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र।

१२. जिरिखिम्ती चेकपोष्ट बाट चौकी सडक जाने बाटोमा किपक्षरीको घरपश्चिम खोल्सी सम्म दाँयाबाँया ३५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र।

## वडा नम्बर ७

१. जिरिखिम्ती लाक्चमटोल देखि छरछरे खोलासम्म सडकको दाँयाबाँया १०० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

२. संसरी बजारदेखी सुनारकान्छिको घर छेउको खोल्सिसम्म सडकको दाँयाबाँया ५० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

३. जिरिखिम्ती बजार देखि माथि चित्र बहादुर कटुवालको घरसम्म सडकको दाँयाबाँया ५० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

४. अन्य व्यक्तिको नाममा रहेका जग्गाहरु कृषि क्षेत्र ।

## वडा नम्बर ८

१. मेन्छ्याम जाने सडक संसारी बजारको ७ नम्बर वडाको सिमाना देखि मन बहादुर श्रेष्ठको घरसम्म सडकको दाँयाबाँया ५० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

२. मेन्छ्याम जाने सडकमन बहादुर श्रेष्ठको घरदेखि नारायण प्रसाद सैयाजुको घर सम्म सडककोदाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

३. छेउघरेको घरदेखि अस्तालेसम्म सडककोदाँयाबाँया २० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

४. संसारी सितलपाटी देखि फलामे साँघु जाने सडकको दाँयाबाँया २० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

५. म्याङलुङ नगरपालिकाको रिङरोड काफ्ले गाउँ देखि डाँडागाउँ सम्म सडकको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

६. रिङरोड कोबेक पुच्छार देखि लिलाहाङ्ग लिम्बुको घरसम्म सडकको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

७. लक्ष्मी तामाङ्गको घरदेखि रुपाहाङ्ग लिम्बुको घरसम्म सडकको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

८. नेत्र गुरागाई मार्गको भोटेबारी देखि मिलडाँडा सम्म सडकको दाँयाबाँया ३० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

९. जित बहादुर लिम्बुको घर देखि अञ्जुली गाउँसम्मको सडकको दाँयाबाँया २० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

१०. बलौटिनी देखि खाती डाँडासम्म सडकको दाँयाबाँया २० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

## वडा नम्बर ९

१. पाटि गाउँदेखि हलिमेल सम्म सडकको दाँयाबाँया १५० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

२. टुक्रे देखि रानी पोखरी हुँदै आम्बुङ सम्म जाने सडकको दाँयाबाँया १०० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

३. डाँडागाँउ कृषि सडकको दाँयाबाँया १०० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

४. बसपार्क देखि खोरुङ्गा खोलासम्म जाने ललित मार्ग सडकको दाँयाबाँया १०० मिटरले छोएका

कित्ताहरु आवासीय क्षेत्र ।

५. तम्फुल देखि आम्बुङ जाने नेत्रगुरागाई मार्गको दाँयाबाँया १०० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

६. कोप्चे देखि रिङ्गे रोड जोड्ने सम्फरजुङ मार्गको दाँयाबाँया १०० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

७. वडा कार्यालय देखि चेनडाँडा जाने बाटोको दाँयाबाँया १०० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

८. हलिमेलादेखि त्रिवेणी चोकसम्म जाने म्याङलुङ रिंगरोडको दाँयाबाँया १०० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

९. बसपार्क देखि मध्य पहाडी राजमार्ग खोरुङ्गाखोला जाने सडकको दाँयाबाँया १५० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

## वडा नम्बर १०

१. साविक ६ नम्बरको पिडबुङ्ग डाँडा तेर्सो रोड हुँदै क्याम्पस रोडदेखि तल्लो रोड हुँदै बिस कुनेवर देखि माथि साविक ७ नम्बर वडाको पोखरीको रोड हुँदै गोरेबहादुर लिम्बुको घर हुँदै दशगते डाँडा सम्मआवासीय क्षेत्र ।

२. पोखरीको बाटो हुँदै ७ नम्बर र पर्शु अधिकारीको घरदेखि मोहन सिंह तुम्बाहाङ्फेको घरसम्मको सडकको दाँयाबाँया २५ मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

३. दाहालको खोल्सी देखि सारदा स्कुल अगम तामाङ्गको घरसम्मको सडकको दाँयाबाँया ५० मिटरले छोएका कित्ताहरु आवासीय क्षेत्र ।

४. मानेधारा देखि बगरे सम्म र पुरानो हेल्थ पोष्ट देखि मानेधारा सम्म मानेधारा देखि राम खड्काको घर हुँदै खत्री वस्ती सम्मको सबै कित्ताहरु आवासीय क्षेत्र ।

५. बाँकि व्यक्तिको नाममा रहेका सम्पुर्ण जग्गाहरु कृषि क्षेत्र ।